"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पुर्वाधार
जगन्नाथ गाउँपालिका विकासको मूल आधार "

## वार्षिक नीति तथा कार्यक्रम, २०८१।०८२ को नीति तथा कार्यक्रम

**जगन्नाथ गाउँपालिकाको दोस्रो गाउँसभा तथा पन्ध्रौ अधिवेशनमा गाउँसभामा उपस्थित गाउँसभाक सदस्य, पत्रकार, सुरक्षाकर्मी र कर्मचारीहरु**

- जगन्नाथ गाउँपालिकाको यस गरिमामय दोस्रो गाउँसभामा सभा अध्यक्षको हैसियतले विकासके लागि मार्ग दर्शकको रुपमा रहने स्थानिय सरकारको आर्थिक वर्ष ०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु।

- मुलुकमा भएको राजनैतिक परिवर्तन संस्थागत भई संविधान कार्यान्वयनको चरणमा रहेकाले स्थानिय सरकारलाई विकास र समृद्विको यात्रामा अघि बढ्न सहज हुँदै गएकोछ। देशको मानव विकास सुचकाङ्क र विकासमा सबैभन्दा पछि परेको बाजुरा जिल्लाको जगन्नाथ गाउँपालिकामा आफ्नै चुनौति र समस्याका बाबजुद स्थानिय तह भित्र रहेका कृषि, जडीबुटी र जलस्रोतको उपयोग गर्नका लागि हामी प्रतिबद्ध छौ।

- उपलब्ध वित्तिय स्रोतको वितरण, आवश्यकता, समानुपातिक, समन्यायिकता एंव समावेशी ढंगले भौतिक पुर्वाधार निर्माण, आर्थिक समृद्धि र सुशासनको मार्गमा जगन्नाथ गाउँपालिका अघि बढिरहेको छ। जगन्नाथ गाउँपालिकालाई आत्मनिर्भर बनाउन कृषि, जलस्रोत र जडिबुटी व्यवसाय लगायतका क्षेत्रको विकास, बिस्तार र सुदृढीकरण गरिनेछ।

- जगन्नाथ गाउँपालिकालाई पारदर्शी, उत्तरदायी, समावेशी, विधिसम्मत र आम जनताको पहुँच स्थापित गर्ने गरी संचालन गर्नेछौ। नेपालको संविधानमा भएका नागरिकका मौलिक हक शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक न्यायका हक अधिकारको प्रत्याभुत हुने गरी जगन्नाथ गाउँपालिकाको समग्र रुपमा यो नीति तथा कार्यक्रम रहनेछ ।

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पुर्वाधार
जगन्नाथ गाउँपालिका विकासको मूल आधार"

गाउँसभाका सदस्यहरु,

जगन्नाथ गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को बार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

१.एक घर एक करेशा बारी कार्यक्रमलाई निरन्तरता, व्यवसायीक तरकारी खेती र फलफुल खेतिमा सिंचाइ प्रणाली विकास गर्न साना सिचाइ योजनालाई प्राथमिकता दिइनेछ।

२.दलहन बाली, तरकारी र फलफूल (आप, कागती, सुन्तला, किवि, ओखर, स्याउ र केरा) जातका बिरुवा वितरणको कामलाई उच्च प्राथमिकता दिई व्यवसायिक खेति गर्ने किसानलाई प्रोत्साहन गरिनेछ।

३.गाउँपालिका भित्र उपयोगमा नआएको सरकारी बाँझो जमिनमा व्यवसायीक फलफूल खेति गर्नका लागि समुह र सहकारीलाई प्रोत्साहन गरिनेछ।

४.मौरीपालक कृषकलाई थप व्यवसायीक बनाउन र मौरीपालन प्रति आकर्षण बढाउन लागत सहभागितामा प्रविधि हस्तान्तरणको नीति लिइनेछ।

५.कृषकहरुलाई नविनतम प्रबिधिबाट खेति गर्नका लागि कृषि औचारहरु ५० प्रतिशत अनुदानमा उपलब्ध गराइनुका साथै एक वडा एक उत्पादन कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ।

६.खाद्यान्न बालीको उत्पादन बृद्धि गर्न, उन्नत बिउ, मल र सिचाइमा जोड दिई कृषि उत्पादकत्व बढाई खाद्य सुरक्षाको प्रत्याभुति गर्नुका साथै रैथाने बालीको जगेर्ना, बिउ उत्पादन तथा संरक्षण र कृषिजन्य उत्पादनलाई बजारीकरणका लागि सहजिकरण र समन्वय गरिनेछ।

७.जगन्नाथ गाउँपालिकाको सबै वडाहरुमा माटो परिक्षण गरि सिफारिस गरिएको कृषि वाली तथा फलफुल खेतीलाई बिस्तार गरिनेछ।

८.वडा नं १ र २ मा स्याउ, कागती, ओखर र सिमि, वडा नं ३ मा कागती, ओखर, सुन्तला र स्याउ, वडा नं ४ मा सिमि र ओखर, वडा नं ५ मा कागती, सुन्तला र मसाला र वडा नं ६ मा ओखर, कागती र आलु पकेट क्षेत्रको रुपमा बिस्तार गरिनेछ ।

९.जगन्नाथ गाउँपालिकाको केन्द्र जुड्डीमा रहेको कोल्ड स्टोरलाई संञ्चालनमा ल्याएर किसानको उत्पादनलाई भण्डारण र बजारीकरणका लागि समन्वय गरिनेछ ।

१०.उत्पादनमुखी सहकारीहरु संग साझेदारीका कार्यक्रम संञ्चालन गरिनेछ ।

११. गाउँपालिका भित्र पशु स्वास्थ्य शिविर, खोप संञ्चालन, औषधी र उपकरण सहज रुपमा उपलब्ध गराइनेछ।

१२. गोठ, खोर, भकाँरो सुधार कार्यक्रम र मलखाद व्यवस्थापनलाई अभियानका रुपमा संचालन गरि कम्पोष्ट मल उत्पादनमा जोड दिइनेछ।

१३. अति विपन्न घरधुरीलाई उन्नत जातका पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान, उन्नत जातका रागा, बोका र थुमा वितरण गरिनेछ।

१४. व्यवसायीक रुपले कृषि तथा पशुपालन गरिरहेका कृषकलाई बिमा गर्नका लागि कृषकहरुलाई उत्प्रेरित गर्न सम्बन्धित निकाय संग समन्वय गरिनेछ।

१५. प्रत्येक बर्ष गाउँपालिका भित्र व्यवसायीक रुपले कृषि तथा पशुपालन गरिरहेका उत्कृष्ठ कृषकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ।

१६. जगन्नाथ गाउँपालिकाको दश बर्षे गाउँशिक्षा योजना, स्थानिय पाठ्यक्रम निर्माण गरि आगामी शैक्षिक शत्र देखि सम्पुर्ण सामुदायिक विद्यालयमा स्थानीय पाठ्यक्रम र गाउँ शिक्षा योजना लागु गरिनेछ।

१७. सामुदायीक विद्यालयका विद्यालय व्यवस्थापन समिति, शिक्षक र वालवालिका बिच अन्तरक्रिया कार्यक्रम संञ्चालन गर्नुका साथै प्रधानाध्यापकहरुलाई अन्तर जिल्ला भ्रमणको व्यवस्था गरिनेछ।

१८. गाँउपालिका भित्रका सामुदायिक विद्यालयलाई प्रविधीमैत्री बनाउने उद्धेश्यले नियमित रुपमा कम्पुटर, फोटोकपी र इन्टरनेट संञ्चालनका लागि विद्युतको पहुँच नभएको स्थानमा सोलारको व्यवस्था गरिनेछ।

१९. गाँउपालिका भित्रका स्थायी बासिन्दा सामुदायीक विद्यालयबाट SEE गरेका दलित, बिपन्न र असहाय वालवालिकाहरुलाई प्राविधिक शिक्षा (पिसिएल नर्सिङ्ग,एच.ए.,ओभर सियर, फार्मेसी, ल्याव टेक्नीसियन, रेडियो ग्राफर, कविराज, नेत्र सहायक ,बालीविज्ञान, पशुबिज्ञान, बागवानी बिज्ञान, एम.वि.वि.एस., वि.पि.एच., वि.एन., ईन्जिनियरिङ्ग, सुचना प्रविधि र वनबिज्ञान अध्ययनका गरिरहेका वालवालिकाहरुलाई दलित, विपन्न जेहेन्दार छात्रबृत्तिको व्यवस्था गरिनेछ।

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

२०. लेखा प्रणालीलाई चुस्तदुरुस्त राख्नका लागि विद्यालयका लेखापाल र प्रधानाध्यापकलाई दोहोरो लेखा प्रणाली, जिन्सि सम्बन्धी तालिम, मासिक रुपमा प्र.अ.बैठक, अनुगमन र मुल्याँङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२१. वालवालिकाको सिकाई उपलब्धिलाई बढाउनका लागि नेपाल सरकारले तोकेको मापडण्ड अनुसारको स्रोतसाधनको व्यवस्था गरि वालविकास केन्द्रका सहजकर्ताहरुका लागि मन्टेश्वरी तालिमको व्यवस्था गरिनेछ।

२२. विद्यार्थिको पढाई संगै आन्तरिक प्रतिभालाई उजागर गर्न विद्यालय स्तरीय, स्रोत विद्यालय स्तरिय, गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलाप, रास्ट्रपति रनिङ शिल्ड संचालन गर्नुका साथै गाउँपालिकाबाट जिल्ला र प्रदेश स्तरीय राष्ट्रपनि रनिङ्ग शिल्डमा प्रथम, द्धितिय र तृतिय स्थान प्राप्त गर्ने खेलाडीहरुलाई पुरस्कार सहित सम्मान गरिनेछ।

२३. गाउँपालिकामा रहेका तिनवटा माध्यमिक विद्यालयमा स्काउट गठनका लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

२४. बिद्यार्थी संख्याको आधारमा शिक्षक आवश्यक भएका विद्यालयहरुमा स्वंयमसेवक शिक्षक पदपुर्ति गर्नुका साथै बिषयगत शिक्षक मिलान गरिनेछ।

२५. वालवालिकाको सर्वाङ्गिण विकासका लागि आधारभुत तहका विद्यालयमा खेल शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ।

२६. कक्षा ११ र १२ लाई पुर्ण रुपमा निशुल्क गरिनुका साथै कक्षा ११ र १२ संञ्चालन भएका विद्यालयहरुमा अनुदानको व्यवस्था गरिनेछ।

२७. कक्षा ८ देखि १२ सम्मका वालवालिकाहरुलाई विद्यालयमा कानूनी सचेतना मुलक गोष्ठी संञ्चालन गरिनेछ।

२८. विद्यालयका प्रधानाध्यापक संग करार सम्झौता र शिक्षकहरुको योग्यताका आधारमा पदस्थापना र आन्तरिक सरुवा गर्नुका साथै नजिकका विद्यालयहरुलाई मर्जको नीति अवलम्बन गरिनेछ।

२९. माध्यमिक विद्यालयमा पुस्तकालय स्थापनाका गर्नुका साथै गाउँपालिका भित्र रहेका सामुदायीक विद्यालयहरु मध्येबाट निश्चित मापदण्डको आधारमा एक वटा नमूना विद्यालय छनौट गरिनेछ।

३०. शिक्षकको कार्य सम्पादन, कार्यक्षमताका आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

३१. कक्षा ८ र कक्षा ५ को परिक्षालाई पनि गाँउपालिका स्तर बाट संचालन गर्ने र प्राप्त नतिजाको आधारमा शिक्षक, विद्यार्थी तथा विद्यालयलाई पुरस्कृत गरिनेछ ।

३२. विभिन्न संघ संस्था संग साझेदारी गरि शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षकहरुको क्षमता अभिवृद्दि गर्न परिमार्जित पाठ्यक्रम अनुसार समयाअनुकुल बिषयगत र तहगत रुपमा शिक्षक तालिमको व्यवस्था गरिनेछ।

३३. दिवा खाजा कार्यक्रमलाई प्रभावकारि रुपमा कार्यान्वयनका गर्नका लागी सम्पुर्ण सामुदायिक विद्यालयहरुमा व्यवस्थित भान्सा कोठा निर्माण गरिनुका साथै एउटा विद्यालयमा डाइनिङ् हल सहितको नमुना भान्छाकोठा निर्माण गरिनेछ ।विद्यार्थि संख्या बढी भएका विद्यालयहरुमा खाजा पकाउने भान्सेको व्यवस्थापनका निश्चित मापदण्डका आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

३४. विद्यालयमा विद्यार्थिको बसाई व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यकताका आधारमा कार्पेट, पि फर्म वितरण गरिनुका साथै कक्षा- ६ देखि १२ संचालित विद्यालयमा फर्निचर, खानेपानी, शौचालय निर्माण गरिनुका साथै ICT lab, पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ ।

३५. विद्यार्थीहरुको सिकाई उपलब्धी वृद्धि गर्न कक्षा १० र ८ मा अध्यनरत विद्यार्थिहरुलाई गणित, विज्ञान र अंग्रजी विषयहरु अध्यापन गर्नका लागि रिमेडियल कक्षा संञ्चालन गरिनेछ।

३६. संस्कृत शिक्षाको प्रवर्धन गर्न बैद्धिक सनातन गुरुकुल विद्यापिठलाई दिइने अनुदानका कार्यक्रमहरुलाई निरन्तरता दिनुका साथै थप अनुदानका कार्यक्रमका लागि विभिन्न निकायहरु संग समन्वय गरिनेछ।

३७. सामुदायिक सिकाई केन्द्रहरुलाई सामुदायिक पुस्तकालय र सामुदायिक सुचना केन्द्रको रुपमा विकास गर्न सहयोग गरिनेछ।

३८. १० शैंया अस्पतालका लागि आवश्यक औषधी उपकरण, जनशक्ति व्यवस्थापन र टेलिमेडिसिन सेवा संञ्चालनका लागि बजेटको व्यवस्था गरिनेछ।

३९. गाउँपालिका भित्रका बिपन्न नागरिक, उपचार गर्नका लागि भाडा तिर्न नसक्ने व्यक्ति, दैवि प्रकोपमा परेका तथा विपन्न गर्भवती महिला सामुदायीक स्वास्थ्य इकाईमा सुत्केरी हुन नसकेमा कोल्टी र जुम्ली सम्म लिनुपर्ने भएमा उनिहरुका लागि निशुल्क एम्बुलेन्सको व्यवस्था मिलाइनेछ।

४०. १० शैंया अस्पतालमा आवश्यक उपकरण सहित बर्थिङ्ग सेन्टर, भिडियो एक्सरे, ओटिसी स्थापना, डट्सको व्यवस्था, एम.एच. सेवा र एम्बुलेन्स संञ्चालन गरिनेछ।

४१. १० शैंया अस्पतालका लागि आवश्यक जनशक्ति, फार्मेसीको स्थापना, गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा सोलार र इन्टरनेट जडान गरिनेछ।

४२. सुरक्षित गर्भवति सेवाका लागि एस.बिए.तालिम, गर्भवति महिलाको निशुल्क स्वास्थ्य परिक्षण, वडा नं ३ मनिकाँडामा रहेको सामुदायीक स्वास्थ्य इकाईलाई संञ्चालनमा ल्याइनेछ ।

४३. गाउँपालिकामा बिशेषज्ञ डाक्टर सहितको प्रजनन स्वास्थ्य शिविर संचालन गर्नुका साथै स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वियन गरिनेछ।

४४. जुड्डीमा रहेको १० शैंया अस्पताल लगायत वडामा रहेका स्वास्थ्य चौकी र सामुदायीक स्वास्थ्य इकाईहरुमा आवश्यक फर्निचर, खानेपानी,शौचालय र इन्टरनेटको व्यवस्था गरिनेछ।

४५. सुनौला हजार दिनका आमा, किशोरीहरुलाई पोषण सुधारका लागि विभिन्न खालका नीति, योजना तथा कार्यक्रमहरु संञ्चालन गरिनेछ।

४६. वडा नं १ देखि ६ सम्म आयुर्वेद घुम्ति शिविर संञ्चालन गर्नुका साथै औषधी र उपकरण खरिदका लागि आवश्यक रकमको व्यवस्था गरीनेछ।

४७. समाजमा परम्परा देखि मनाउदै आएका धार्मिक तथा साँस्कृतिक चाडपर्वहरु मनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ।

४८. स्थानीय बाजाको संरक्षण र परम्परागत पोशाकको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

४९. आर्थिक बर्षको शुरुमा नै उपभोक्ता समिति, जनप्रतिनिधि र प्राविधिकहरु बिच योजना संञ्चालनका बिषयमा अन्तरक्रिया संञ्चालन गरिनेछ।

५०. गाउँपालिकाको केन्द्र देखि वडा कार्यालय सम्म जोडने सडकलाई पहिलो प्राथमिकता दिई बाहै महिना चल्ने गरी स्तरोउन्नती गरिनेछ।

५१. गाउँपालिकाको प्रशासकिय भवन निर्माणका लागि आवश्यक रकमको व्यवस्था गरिनेछ।

कर्ण बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

५२. स्थानीय तहको ज्यालाको दररेट र कृषि उपजको मुल्य निर्धारण गरिनेछ।

५३. नागरिकहरुलाई स्वच्छ खानेपानीको सुनिश्चतताका लागि खानेपानीका पुर्वाधार निर्माण, स्रोत मागको आधारमा एक घर एक धाराको अवधारणालाई निरन्तरता दिइनेछ।

५४. खानेपानीको मुहान दर्ता, संरक्षण, मर्मत संभार कोष, मासिक शुल्क, खानेपानी सुरक्षा योजना गाउँपालिका स्तरीय वास रणनीति योजना तयार गरी सोही अनुसार कार्यक्रम संञ्चाल गरीनेछ।

५५. पुराना र अवस्था बिग्रिएका सिंचाइ योजनाहरुको स्तरोन्नती गरी दिगो बनाइनेछ ।

५६. जुड्डी खोला, भुकाँ खोला र बड्डीगाड लघु जलविद्युत आयोजनाको स्तरोउन्नती नियमित विद्यु सेवा संचालन र लेखा प्रणालीलाई व्यवस्थित गर्न विद्युत सहकारी संग समन्वय गरी कार्यक्र संञ्चालन गरिनेछ ।

५७. घर भित्रको धुँवा न्युनिकरणका लागि सुधारिएको चुलो र विद्युतिय चुलो जडान कार्यला अभियानको रुपमा संचालन गर्न विभिन्न सरोकारवाला निकायहरु संग समन्वय गरिनेछ।

५८. गाउँपालिका भित्रका बेरोजगार व्यक्तिको तथ्याँक संकलन अद्यावधिक गर्नुका साथै युवाहरुला मागको आधारमा सिप मुलक तालिम (सिलाई कटाइ, प्लम्बिङ्ग, अटो मोवाइल, मोवाइल मर्मत हाउस वाइरिङ्ग, ड्राइभिङ्ग, जे.सि.वि अपरेटर र कम्पुटर मर्मत) संचालन गरिनेछ।

५९. संघिय सरकारको कार्यक्रम अनुसार गाउँपालिकाले वेरोजगार व्यक्तिहरुलाई रोजगार दिने उद्धेश्यका साथ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत १८ देखि ५९ बर्ष उमेर समुहका ८० जना युवायुवतीहरुलाई १०० दिनको रोजगारी उपलब्ध गराँइनेछ।

६०. राष्ट्रिय वन, सामुदायीक वन, धार्मिक वन, कबुलियती वन, नीजि वनको संरक्षण र बृक्षारोपण कार्यक्रमलाई प्रभावकारी बनाउन सामुदायीक वन उपभोक्ता समिति र जिल्ला वन कार्यालय संग समन्वय गरि आगलागि र डडलो नियन्त्रणका कार्यक्रम संञ्चालन गरिनेछ।

६१. हरियाली बढाऔ, खडेरी बाट मुक्त होऔं भन्ने नारालाई कार्यान्वयन गर्न खाली जग्गामा अनिवार्य रुपमा बृक्षारोपण गर्न सामुदायीक वनहरुलाई प्रोत्साहन गरिनेछ।

६२. घरेलु, कुटिर उद्योग स्थापना गर्ने व्यक्ति र फर्मलाई प्रोत्साहन गर्नुका साथै संचालनमा रहेका कुटिर उद्योगलाई दर्ता प्रक्रियामा ल्याउनुका साथै अनुदानको व्यवस्था गरिनेछ।

६३. कुटिर, लघु तथा साना उद्योग संचालन गर्ने महिला तथा बिदेशबाट फर्किएका युवाहरुलाई व्यवसायको आधारमा ५० प्रतिशत रकम अनुदानको व्यवस्था गरिनेछ।

६४. उद्यमशिलता विकास गरी लघुउद्यमी तयार गर्न गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) मार्फत युवायुवतिहरुलाई सीपमुलक तालिमहरु संचालन गरिनेछ।

६५. गाउँपालिकामा भए गरेका क्रियाकलापहरुलाई विघुतिय र छापा माध्यम मार्फत सार्वजनिकिकरण गरि पारदर्शिता र जवाफदेहिता अभिबृद्धि गरिनेछ।

६६. नागरिकको सूचना पाउने हक अधिकारलाई आत्मसात गरि गाउँपालिकाले आफ्ना गतिबिधिहरुलाई सूचनापाटी, स्थानिय पत्रपत्रिका, ओइभसाइट, एफ.एम.रेडियो मार्फत सूचना प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाइनेछ।

६७. विपद जोखिम न्युनिकरण, खोज उद्धार तथा राहत सम्बन्धि कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न विपद व्यवस्थापन कोष स्थापना गरि पिडितलाई राहत उपलब्ध गराईनेछ।

६८. गाउँपालिकाको विपद जोखिम योजना तयारी, विपद व्यवस्थापन कोषको व्यवस्था गाउँपालिकाको निर्णय र मापदण्डका आधारमा राहत वितरण गर्ने व्यवस्था मिलाउनुका साथै पालिका स्तरीय विपद प्रतिकार्य योजना बनाई कार्यान्वयनमा ल्याइनेछ।

६९. विपदमा परेका लाभग्राहीलाई घर पुनर्निर्माण कार्यका लागि १० प्रतिशत लागत साझेदारी गरिनेछ।

७०. बाढी पहिरो, आगलागी, सुक्खा खडेरी जस्ता प्राकृतिक बिपत्तिमा परेका व्यक्तिको उद्धार गरी तुरुन्त राहत उपलब्ध गराउन नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी र नेपाली सेना संग समन्वय गरी उद्धार, राहत र प्राथमिक उपचार गर्ने व्यवस्था मिलाईनेछ।

७१. जगन्नाथ गाउँपालिका वडा नं १ देखि ६ सम्म होटल, पसल र फर्म संचालन गरेर दर्ता प्रकियामा नआएका व्यवसायीहरुलाई दर्ता प्रक्रियामा ल्याउन बजार अनुगमन कार्यला निरन्तरता दिने र नियमित अनुगमन मार्फत उपभोग्य बस्तुहरुको चेकजाँच गरिनेछ।

७२. बैंङ्क तथा वित्तिय संस्थाले प्रदान गर्ने वित्तिय सेवामा आम नागरिकको पहुँच अभिबृद्धि ग विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न वित्तिय साक्षरता अभिमुखीकरण एवं क्षमता अभिबृ सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

प्रस्तावहरु

१. नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. न्यायीक समितिको प्रतिवेदन सम्बन्धमा ।

३. आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१ सम्बन्धमा ।

४. आर्थिक बर्ष २०८१।०८२ को बजेट पेश गर्ने सम्बन्धमा।

५. कार्यपालिकाका निर्णयहरु अनुमोदन संम्बन्धमा ।

६. जगन्नाथ गाउँपालिकाको स्रोत नक्सा सम्बन्धमा ।

७. पुरस्कार र प्रशसा पत्र वितरण सम्बन्धमा ।

८. बैठक समापन सम्बन्धमा।

निर्णयहरु

निर्णय नं -१, जगन्नाथ गाउँपालकाको दोस्रो गाउँसभा तथा १५ औं अधिवेशनको पहिलो बैठकमा पेश भएको नीति तथा कार्यक्रममा गाउँसभाका सदस्यहरुले राखेका धारणाहरुलाई समेटेर आर्थिक बर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम सर्वसम्मतीले पास गर्ने निर्णय गरियो।

निर्णय नं -२, जगन्नाथ गाउँपालिकाको दोस्रो गाउँसभा तथा १५ औं अधिवेशनमा सुदुर पश्चिम प्रदेशको गाउँसभा सञ्चालन (कार्यविधि) ऐन, २०७५" को दफा ७८ बमोजिम न्यायीक समितिको बार्षिक प्रगती प्रतिवेदन न्यायीक समितिका सदस्य कर्णबिर नेपालीले पेश गर्नु भएकोले उक्त प्रतिवेदनलाई सर्वसम्मतिले पास गर्ने निर्णय गरियो।

निर्णय नं -३, सुदूरपश्चिम प्रदेशको "स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५" को दफा ६९ बमोजिम गाउँ आर्थिक विधेयक, २०८१ आर्थिक विकास समितिका संयोजक वडा नं १, का वडा अध्यक्ष गणेशराज गिरीले मिति २०८१ असार १० गते बसेको गाउँसभाको वैठकमा पेश गर्नु भएको प्रस्तावलाई पश्चात सर्वसम्मतिले पास गर्ने निर्णय गरियो।

निर्णय नं - ४, जगन्नाथ गाउँपालिकाको दोस्रो गाउँसभा तथा १५ औं अधिवेशनमा सभा अध्यक्ष काली बहादुर शाहीले विनियोजन विधेयक, २०८१ र आर्थिक बर्ष २०८१।०८२ बार्षिक आयव्यय सभामा पेश गर्नु भएको र सो प्रस्तावलाई छलफल पश्चात आगामी बैठकमा पास गर्ने निर्णय गरियो ।

काली बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

निर्णय नं -५, जगन्नाथ गाउँकार्यपालिकाको मिति २०८१ असार १० गते बसेको बैठकले आर्थिक बर्ष २०८०।०८१ मा बसेका गाउँकार्यपालिकाका बैठक नं ३५ देखि ५३ सम्मका सम्पुर्ण निर्णयहरु अनुमोदनका लागि दोस्रो गाउँसभा तथा १५ औं अधिवेशनको दोस्रो बैठकमा पास गर्नका लागि पेश गरेको हुनाले उक्त निर्णयहरु सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं -६, जगन्नाथ गाउँपालिकाको स्रोत नक्सा आर्थिक बर्ष २०७६।०७७ मा Technology Development Center-Nepal (TDC Nepal) ले गाउँपालिका भित्रका ६ वटै वडाको स्रोत नक्सा तयार गरेर गाउँपालिकामा प्रतिवेदन पेश गरीसकेको हुनाले उक्त स्रोत नक्सालाई वडा र पालिकाको सिमाना सहित सार्वजनिक गर्नका लागि मिति २०८१ असार १० गते बसेको कार्यपालिका बैठकले दोस्रो गाउँसभा तथा १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरेको हुनाले सो प्रस्ताव सामाजिक विकास समितिका संयोजक गौरी सार्कीले सभामा पेश गर्नु भएको हुँदा सो प्रस्तावलाई सर्वसहमतिले पास गर्ने निर्णय गरियो।

निर्णय नं -७, जगन्नाथ गाउँपालिकाले आर्थिक बर्ष २०८०।०८१ को नीति तथा कार्यक्रममा गाउँपालिका भित्र उत्कृष्ठ नतिजा ल्याउने विद्यार्थी, शिक्षक र विद्यालयलाई पुरस्कृत गर्ने नीति बमोजिम मिति २०८१ असार ८ गते बसेको कार्यपालिका बैठकले पुरस्कारका लागि तपशिल बमोजिमका व्यक्ति र संस्थालाई गाउँसभामा सिफारिस गरेको हुनाले उक्त प्रस्तावलाई सभाले सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय पश्चात पुरस्कार वितरण गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. प्रकाश सार्की (सरस्वती मा.वि. ढाडाकोट)- प्रथम स्थान - रु ५,०००।
२. शिखर सार्की (सरस्वती मा.वि. ढाडाकोट)- द्धितिय स्थान - रु ४,०००।
३. सरोज धराला (कैलास मा.वि. ढाडाकोट) – तृतिय स्थान - रु ३,०००।
४. उत्कृष्ठ नतिजा प्रासगर्ने विद्यालय सरस्वती मा.वि. ढाडाकोट - रु १०,०००।

निर्णय नं -८, जगन्नाथ गाउँपालिकाको दोस्रो गाउँसभा तथा १५ औं अधिवेशनको आगामी बैठक अर्को सूचना नभए सम्मको लागि स्थगित गर्ने निर्णय गरियो।

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

७३. न्यायमा पहुँच नपुगेका एकल महिला, दलित, हलिया, खलिया, अपाङ्गता भएका व्यक्ति, हिंशा पिडित महिला, बालबालिका, जेष्ठ नागरिक र असहाय व्यक्तिहरुका लागि निशुल्क कानूनी सहायता तथा परामर्श सेवा दिने व्यवस्था मिलाइनेछ।

७४. वालविवाह, छाउपडी, महिला बिरुद्धका कुरिति, भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछन।

७५. जनप्रतिनिधि. कर्मचारी, न्यायीक समितिका सदस्य र सामुदायीक मेलमिलाप कर्ताको क्षमता विकास विकास गरिनेछ।

७६. गाउँपालिकाले दिदै आएको ग र घ बर्गका अपाङ्गहरुको भत्तालाई निरन्तरता दिनुका साथै परिचय पत्र नपाएर अपाङ्ग भत्ता बाट बन्चित व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाइनेछ।

७७. सामाजिक सुरक्षालाई व्यवस्थित गर्नका लागि ७ वटा Biometric Verification Device खरिद गरि संञ्चालनमा ल्याइनेछन् ।

७८. शान्ति सुरक्षाको प्रत्याभुति, भष्ट्राचार नियन्त्रण, सुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

७९. सार्वजनिक सेवालाई सर्वसुलभ, छिटो छरितो र प्रविधिमैत्री बनाईनेछ। सेवाग्राहीबाट पृष्ठपोषण लिने र नागरिकबाट प्राप्त गुनासोहरुको तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ ।

८०. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासका लागि समय सापेक्ष तालिम, गोष्ठी, संञ्चालन गरिनेछ र कार्यक्षमताका आधारमा पुरुस्कार र दण्डको व्यवस्था गरिनेछ।

८१. जगन्नाथ गाउँपालिकाको आर्थिक, भौतिक र शैक्षिक क्षेत्रको विकासका लागि नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैहसरकारी संघसंस्था र दातृ निकाय संग समन्वय गरिनेछ।

"धन्यवाद"

..................

काली बहादुर शाही
गाउँसभा अध्यक्ष
२०८१ असार १३ गते

जगन्नाथ गाउँपालिकाको
आर्थिक ऐन, २०८१

<u>प्रस्तावना:</u> जगन्नाथ गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ तथा अनुसूची (८) को एकल अधिकार प्रयोग गरि जगन्नाथ गाउँ सभाले यो ऐन बनाएको छ।

<u>१. संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ।
(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि २०८२ असार मसान्त सम्म जगन्नाथ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

<u>२. सम्पति कर:</u> गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर, घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

<u>३. भूमि कर (मालपोत)</u> गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

<u>४. घर वहाल कर:</u> गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरे वा आंशिक तवरले वहालमा दिएकोमा वा लिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

<u>५. व्यवसाय कर:</u> गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेको वा नया स्थापना हुने व्यापार, व्यवसाय वा सेवामा पूंजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

<u>६. विज्ञापन कर:</u> गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

<u>७ मनोरन्जन कर:</u> गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन नाट्यागृह, प्रदर्शनी स्थल जस्ता व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

**८ बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**९. सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबांट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१०. पर्यटन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

तर,प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**११. कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

तर गाउँपालिका क्षेत्रमा रहेका आर्थिक रुपमा कमजोर वर्ग, महिला, दलित र अल्पसंख्यक समुदाय बाट कुनै व्यवसाय दर्ता भइ संचालन गर्ने उदेश्यले नयाँ दर्ता हुने व्यवसायको लागि २५ प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

**१२. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुने छ।

१३. राजश्वका श्रोत अनुमान

१. सघिय अनुदान

| | |
|---|---|
| (क) समानीकरण अनुदान रकम | रु ७,७२,००,०००।० |
| (ख) सशर्त अनुदान रकम | रु ११,२०,३४,०००।० |
| (ग) विषेश अनुदान रकम | रु ८०,००,०००।० |
| (घ) राजश्व बाँडफाँट रकम | रु ६,८६,००,०००।० |

२. प्रदेश अनदान

| | |
|---|---|
| (क) समानीकरण अनुदान रकम | रु ६४,४२,०००।० |
| (ख) सशर्त अनुदान चालु रकम | रु ५,५०,०००।० |
| (ग) सशर्त अनुदान पुजिगत रकम | रु ३५,८५,०००।० |
| (घ) समपुरक अनुदान रकम | रु ५०,००,०००।० |
| (ङ) विषेश अनुदान रकम | रु ३५,००,०००।० |
| (घ) प्रदेश सवारी साधानकर | रु १३३,९,०००।० |

| | |
|---|---|
| ३. आन्तरिक राजश्व स्थानीय तह | रु २०,२५,०००।० |

कुल राजश्व अनुमान रु २८,८२,७५,०००।० अक्षरुपी अठ्ठाईस करोड बयासी लाख पचहत्तर हजार मात्र राजश्व अनुमान गरिएको छ ।

कालि बहादुर शाही
अध्यक्ष

## प्रस्तावित गरिएका करका क्षेत्र,दायरा तथा दररेट हरु(२०८१।०४।०१ देखि लागू हुने गरी)

### ग्गा तथा मालपोतको दररेटः

| | विवरण (प्रतिरोपनीमा) | | कैफियत |
|---|---|---|---|
| १ | मुख्य सडकले छोएको जग्गा | करको दर(प्रति रोपनी रु) | |
| | अब्बल | ३० | |
| | दोयम | २५ | |
| | सिम | २० | |
| | चाहार | १५ | |
| २ | शाखा सडकले छोएको जग्गा | करको दर(प्रति रोपनी रु) | |
| | अब्बल | २० | |
| | दोयम | १५ | |
| | सिम | १० | |
| | चाहार | ५ | |
| ३ | सडकले नछोएको जग्गा | करको दर(प्रति रोपनी रु) | |
| | अब्बल | १० | |
| | दोयम | ८ | |
| | सिम | ६ | |
| | चाहार | ५ | |

### २.घर बहाल कर

| क्र.स. | विवरण | संघीय सरकार(१०%) | गा.पा. संचितकोष |
|---|---|---|---|
| १ | भवन | १० | ० |
| २ | घर | १० | ० |
| ३ | पसल | १० | ० |
| ४ | ग्यारेज | १० | ० |
| ५ | जग्गा | १० | ० |
| ६ | गोदाम | १० | ० |
| ७ | टहरा | १० | ० |

### ३. विज्ञापन कर बापत शुल्क एकपटक

| क्र.स. | विवरण | दररेट वार्षिक रु | कैफियत |
|---|---|---|---|
| १ | डिजिटल डिस्प्ले | १००० | |
| २ | पर्खालवार भित्ताआदिमा पोतितको प्रति बर्गफुट | १००० | |
| ३ | सार्वजनिक स्थलमा पोस्टर,पम्लेट | २०० | |
| ४ | पोल व्यानर | २०० | |
| ५ | गाडीमा गरिने | १०० | |
| ६ | खेलकुद मैदानमा | ५०० | |
| ७ | होडिङ बोर्ड | १५०० | |

### ५.व्यवसाय करको दररेट

| क्र.स. | विवरण | दररेट वार्षिक रु | कैफियत |
|---|---|---|---|
| १ | चुरोट रक्सी आदिको थोक तथा खुद्रा व्यापारमा | ३००० | |
| २ | निर्माण सामाग्री कम्प्युटर,विद्युतका सामन,टेलिभिजन,रेडियो,भिडियोरेकर्डर जस्ता बस्तु थोक तथा खुद्रा ब्यापार | २००० | |
| ३ | दैनिक उपभोग्य बस्तु तथा खाद्यपदार्थ आदीको थोक तथा खुद्रा व्यपारमा | २००० | |
| ४ | उत्पादनमुलक उद्योग | २००० | |
| ५ | उर्जामुलक उद्योग | १५०० | |
| ६ | कृषी तथा बनजन्यमुलक उद्योग | २००० | |
| ७ | खनिज उद्योग | ३००० | |
| ८ | फर्निचर उद्योग | ५००० | |
| ९ | पर्यटन उद्योग | ३००० | |
| १० | सेवा उद्योग | २००० | |
| ११ | निर्माण उद्योग | ५००० | |
| १२ | संचारसेवा | २००० | |
| १३ | वितिय सेवा | ३००० | |
| १४ | स्वास्थ्य सेवा | २००० | |
| १५ | शिक्षा सेवा,निजिक्षेत्रका विद्यालय क्याम्पस सबै | ३००० | |
| १६ | होटल तथा मदिरा व्यवसाय दर्ता प्रमाणपत्र | १५०० | |
| १७ | होटल तथा मदिरा व्यवसाय दर्ता सिफारिस वडा | ५०० | |
| १८ | होटल तथा मदिरा व्यवसायको दर्ता नविकरण | १००० | |

| | विवरण | दररेट रु | कैफियत |
|---|---|---|---|
| | अन्य व्यवसाय,मासु पसल दर्ता सिफारिस वडा | ५०० | |
| | अन्य व्यवसाय,मासु पसल दर्ता प्रमाण पत्र | १५०० | |
| | अन्य व्यवसाय,मासु पसल दर्ता प्रमाण नविकरण | १००० | |
| | किराना पसल, मेडिकलको दर्ता सिफारिस वडा | ५०० | |
| | किराना पसल,मेडिकलको दर्ता प्रमाण पत्र | १५०० | |
| | किराना पसल, मेडकलको दर्ता नविकरण | १००० | |
| | कृषि फर्म तथा पशु फर्म दर्ता वडा सिफारिस | ५०० | |
| | कृषि फर्म तथा पशु फर्म दर्ता प्रमाणपत्र | १५०० | |
| | | १००० | |

## मनोरञ्जन करको दररेट

| क्र.स. | विवरण (प्रति पटक) | दररेट रु | कैफियत |
|---|---|---|---|
| १ | जाँदु सर्कस | १००० | |
| २ | नाटक | ५०० | |
| ३ | दोहोरी साज | ५०० | |
| ४ | मेलामहोत्सव | १५०० | |

## ६. बहाल बिटौरी करको दररेट

| क्र.स. | विवरण (प्रति पटक) | दररेट रु | कैफियत |
|---|---|---|---|
| १ | पसल तथा सटर | २००० | |
| २ | अन्य | १००० | |

## ७. सेवाशुल्क सम्वन्धी कर

| क्र.स. | विवरण | दररेट रु | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित गरेको | २०० | |
| २ | जन्ममिति प्रमाणित गरेको | २०० | |
| ३ | जन्मदर्ता ,मृत्युदर्ता ,विवाहदर्ता | २०० | |
| ४ | बसाईसराईको सिफारिस | २०० | |
| ५ | सामाजिक सुरक्षा परिचयपत्र नँया( वालपोषण) | २०० | |
| ६ | सामाजिक सुरक्षा परिचयपत्र नविकरण(वालपोषण) | १०० | |
| ७ | सामाजिक सुरक्षा परिचयपत्र नँया( अन्य) | २०० | |
| ८ | सामाजिक सुरक्षा परिचयपत्र नविकरण ( अन्य) | २०० | |
| ९ | सामाजिक सुरक्षा परिचयपत्र प्रतिलिपि बनाएको दस्तुर | ५०० | |
| १० | व्यक्तिगत घटना दर्ता(जन्मदर्ता,मृत्युदर्ता,विवाहदर्ता,वसाईसराई प्रमाणपत्रको प्रतिलिपी) | ३०० | |
| ११ | अन्य घटना दर्ता | २०० | |
| १२ | विवाहित तथा अविवाहित प्रमाणित | ३०० | |
| १३ | अङ्ग्रेजि माद्यममा सिफारिस तथा प्रमाणित गरिदिएको | ५०० | |
| १४ | घर प्रमाणित | २०० | |
| १५ | घरजग्गा नक्सा पास पक्की,आरसिसि ढलान स्टक्चर,प्रतितलाको प्रतिबर्गफिट(गाँउतिर) | १० | |
| १६ | घरजग्गा को नक्सा पास(सिमेन्ट जडाईमा इटा वा डुङगाको गारो र टिनढुङ्गाको छाना) प्रति बर्ग फिट(गाँउतिर) | ८ | |
| १७ | घरजग्गा को नक्सा पास(माटोको जडाईमा डुङगाको गारो ,स्लाऐस,जस्ता,ढुङगा,घरकोछाना) प्रति बर्ग फिट(गाँउतिर) | ५ | |
| | घरजग्गा नक्सा पासको सिफारिस वडा | २००० | |
| १८ | घरजग्गा नक्सा पास अभिलेख किताब | ५००० | |
| १९ | घरजग्गा नक्सा पास पक्की,आरसिसि ढलान स्टक्चर,प्रतितलाको प्रतिबर्गफिट(शहरतिर) | २० | |
| २० | घरजग्गा को नक्सा पास(सिमेन्ट जडाईमा इटा वा डुङगाको गारो र टिनढुङ्गाको छाना) प्रति बर्ग फिट(शहरतिर) | १५ | |
| २१ | घरजग्गा को नक्सा पास(माटोको जडाईमा डुङगाको गारो ,स्लाऐस,जस्ता,ढुङगा,घरकोछाना) प्रति बर्ग फिट(शहरतिर) | १० | |
| २२ | घर निर्माण सम्पन्न सिफारिस पक्की | ५०० | |
| २३ | घर निर्माण सम्पन्न सिफारिस साधारण | ३०० | |
| २४ | ब्यक्तिगत विवरण प्रमाणित | २०० | |
| २५ | जिवित सङ्घको नाता प्रमाणित | २०० | |
| २६ | हकवाला तथा हकदार प्रमाणित | २०० | |
| २७ | संरक्षक प्रमाणित | २०० | |
| २८ | कागज तथा मंनजुरिमा प्रमाणित | २०० | |
| २९ | जग्गा मुल्याङ्कन प्रमाणित | ५०० | |
| ३० | दुर्गमक्षेत्र तथा पिछडिएको क्षेत्र सिफारिस तथा प्रमाणित | २०० | |
| ३१ | आर्थिक अवस्था कमजोर ,विपन्न ,गरिव रहेको सिफारिस तथा प्रमाणित | १०० | |
| ३२ | नँया नागरिकताको लागी सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| | नागरिकताको प्रतिलिपी लिनको लागी सिफारिस | ३०० | |
| | ...पालिका क्षेत्र भित्रको सार्वजनिक जग्गा प्रयोग गर्दा लिने कर जस्तै हाईड्रोपावर र अन्य सबै | १०००० | बार्षिक |
| | कवाड सामान खरिदको सिफारिस | ३००० | |
| | बहालकरको लेखाजोखा सिफारिस | २०० | |
| | घरजग्गा करको लेखाजोखा गरि सिफारिस | ५०० | |
| | व्यापारव्यवसाय बन्दभएको व्यापार व्यवसाय संचालन भएको ,व्यापारव्यवसाय हुँदै नभएको प्रमाणीत गरिएको सिफारिस | २०० | |
| | मिलापत्रको कागज गराउने | ३०० | |
| | निशुल्क तथा शशुल्क स्वाथ्य्य उपचारको दस्तुर | १०० | |
| ४० | पुर्जामा घर कायम गर्ने सिफारिस | २०० | |
| ४१ | फरफारक नाम थर तथा जन्ममिति भएमा दुबै नामथर जन्ममिति एकैहो भनि प्रमाणित गरिएको सिफारिस | २०० | |
| ४२ | नाम थर जन्ममितिको संसोधन सिफारिस | २०० | |
| ४३ | जग्गाधनि पुर्जा हराएको सिफारिस | ३०० | |
| ४४ | कित्ताकाट गर्ने सिफारिस | २०० | |
| ४५ | जग्गा नामसारीको सिफारिस | २०० | |
| ४६ | जग्गाको हक सम्वन्धी सिफारिस | २०० | |
| ४७ | सर्जमिन सिफारिस | २०० | |
| ४८ | उद्योग ठाँउसारी गर्ने सिफारिस | ५०० | |
| ४९ | जिवित रहेको सिफारिस | २०० | |
| ५० | विद्यालय खोल्ने सिफारिस | ५००० | |
| ५१ | विद्यालयको कक्षाथप गर्ने सिफारिस | २५०० | |
| ५२ | विद्यालयको ठाँउसारी गर्ने सिफारिस | १५०० | |
| ५३ | विद्यालय खाता खोल्ने सिफारिस | २०० | |
| ५४ | विद्यालयको रकम फुकुवा सिफारिस | ३०० | |
| ५५ | पालनपोषणको लागी सिफारिस | २०० | |
| ५६ | प्रचलित कानुन बमोजिम प्रतियोजित अधिकार बमोजिमको अन्य सिफारिस तथा प्रमाणित | १०० | |
| ५७ | धरौटी फिर्ता सिफारिस | ५०० | |
| ५८ | युवा क्लव दर्ता | १५०० | |
| ५९ | युवा क्लव नविकरण | १००० | |
| ६० | युवा क्लव वा समुह दर्ता सिफारिस वडाबाट | १००० | |
| ६१ | अन्य समुह | १००० | |
| ६२ | संस्था दर्ता सिफारिस वडा | २००० | |
| ६३ | संस्था दर्ता प्रमाण पत्र | ५००० | |
| ६४ | खुद्रा तथा किराना फेन्सी पसल दर्ता सिफारिस | १५०० | |
| ६५ | कम्प्युटर,मोवाईल,ईलेक्ट्रोनिक पसल दर्ता सिफारिस | १५०० | |
| ६६ | मेडिकल दर्ता सिफारिस | २००० | |
| ६७ | आय प्रमाणित सिफारिस | २०० | |
| ६८ | घ बर्ग ईजाजतपत्र वितरण नँया | २०००० | |
| ६९ | घ बर्ग ईजाजतपत्र नविकरण नँया | १०००० | |
| ७० | नयाँ सहकारी दर्ता सिफारिस वडाबाट | २००० | |
| ७१ | पसल तथा होटल ठाँउसारी वडाबाट | ५०० | |
| ७२ | नँया सहकारी दर्ता प्रमाण पत्र | १०००० | |
| ७३ | पुरानो सहकारी दर्ता नविकरण | ५००० | |
| ७४ | औषधी वितरण पशुशाखा(भेडाबाख्रा प्रतिगोटा) | ५ | |
| ७५ | औषधी वितरण पशुशाखा(घोडाखच्चर प्रतिगोटा) | ३० | |
| ७६ | औषधी वितरण पशुशाखा(घरपालुवा,कुकुर,विराला प्रतिगोटा) | १० | |
| ७७ | औषधी वितरण पशुशाखा(कुखुरा,हास,खरायो प्रतिगोटा) | २ | |
| ७८ | औषधी वितरण पशुशाखा(गाईभैंसी प्रतिगोटा) | १५ | |
| ७९ | | | |
| ८० | बहुउदेशियक कृषि तथा पशु फर्म दर्ता सिफारिस वडा र पालिका | ५०० | |
| ८१ | बहुउदेशियक कृषि तथा पशु पन्छी फर्म दर्ता प्रमाण पत्र | ३००० | |
| ८२ | बहुउदेशियक कृषि फर्म दर्ता प्रमाण पत्र नविकरण | १००० | |
| ८३ | ढुङ्गाको प्रति ट्रली | ५०० | |
| ८४ | ढुङ्गाको प्रति खच्चड | ३० | |
| ८५ | बालुवा र गिट्टी प्रति ट्रली | ५०० | |
| ८६ | वालुवा र गिट्टी प्रति खच्चड | ३० | |
| ८७ | वालुवा र गिट्टी प्रति बोरा | १० | |
| ८८ | सरुवा भई जाने शिक्षक तथा सरुवा भई आउने शिक्षकको सिफारिस दस्तुर | ४००० | |
| ८९ | नियुक्ती पत्र शिक्षक मा.वि. | १२०० | |
| ९० | नियुक्ती पत्र शिक्षक नि.मा.वि. | ९०० | |

| | | | |
|---|---|---|---|
| | नियुक्तीपत्र शिक्षक पा.वि. | ८०० | |
| | सम्झौता पत्र ईसिडि र लेखापाल | ७०० | |
| | सम्झौता पत्र विद्यालय सहयोगी | ६०० | |
| | करार नविकरण मा.वि.(राहत,करार,स्वयमसेवक) शिक्षक | १२०० | |
| | करार नविकरण नि.मा.वि.(राहत,करार,स्वयमसेवक) शिक्षक | ९०० | |
| | करार नविकरण पा.वि.(राहत,करार,स्वयमसेवक) शिक्षक | ८०० | |
| | करार नविकरण ईसिडी र लेखापाल | ७०० | |
| | करार नविकरण विद्यालय सहयोगी | ६०० | |
| ९९ | नियुक्तिपत्र।करार नविकरण गा.पा. करार कर्मचारी अधिकृतस्तर | १२०० | |
| १०० | नियुक्तिपत्र।करार नविकरण गा.पा. करार कर्मचारी ना.सु.स्तर | १००० | |
| १०१ | नियुक्तिपत्र।करार नविकरण गा.पा. करार कर्मचारी खरिदारस्तर | ८०० | |
| १०२ | करार नविकरण गा.पा कास कर्मचारी | ५०० | |
| १०३ | गाँउपालिका हल भाँडा प्रतिदिन | १५०० | |
| १०४ | वडास्तर हल भाँडा प्रतिदिन | १००० | |
| १०५ | योजनाको कार्यअनुभव लेटर | ३००० | |
| १०६ | पेन्सन सिफारिस | १००० | |

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

## एम्बुलेन्सको भाडादरः

| | स्थान | भाडादर | कैफियत |
|---|---|---|---|
| | जगन्नाथ गापाको १ नं वडादेखि कोल्टीसम्म | ५००० | |
| | जगन्नाथ गापाको २ नं वडादेखि कोल्टीसम्म | ४००० | |
| | जगन्नाथ गापाको ३ नं वडादेखि कोल्टीसम्म | ५००० | |
| | | ५००० | |
| ५ | जगन्नाथ गापाको ५ नं वडादेखि कोल्टीसम्म | ५००० | |
| ६ | जगन्नाथ गापाको ६ नं वडादेखि कोल्टीसम्म | ५००० | |
| ७ | तल्लो काप्री,झप्राली, भुकाखोला देखि पिलुचौरसम्म कर्णाली करिडोरसँग छोएको | ४००० | |
| ८ | कोल्टीदेखि मार्तडीसम्म | ७००० | |
| ९ | जगन्नाथ गापा सुर्खेत | २०००० | |
| १० | जगन्नाथ गापा देखि नेपालगंजसम्म | २५००० | |
| ११ | जगन्नाथ गापा देखि बाविया चौर हुदै धनगढीसम्म | २६००० | |
| १२ | जगन्नाथ गापादेखि मार्तडीहुदै धनगढिसम्म | ३०००० | |
| १३ | जगन्नाथ गापा देखि कोल्टीसम्म | ४००० | |
| १४ | जगन्नाथ गापा देखि मार्तडीसम्म | १२००० | |
| १५ | जगन्नाथ गापादेखि मार्तडी, धनगढी हुदै काठमाण्डौसम्म | ५०००० | |
| १६ | जगन्नाथ गापादेखि सुर्खेत, नेपालगंज हुदै काठमाण्डौसम्म | ४५००० | |
| १७ | मार्तडीदेखि धनगढीसम्म | १६००० | |
| १८ | मार्तडीदेखि नेपालगंज | १८००० | |
| १९ | मार्तडीदेखि वयालपाटा अस्पताल | ५००० | |
| २० | जगन्नाथ गापादेखि वयालपाटा | १५००० | |
| २१ | अन्तरपालिकाको लागि कोसको आधारमा लिने | | |
| | | | |

९. बार्षिक आयको प्रक्षपणः

| क्र.स. | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | घरजग्गा तथा मालपोत कर | ४००००० | |
| २ | बहाल कर | १००००० | |
| ३ | अन्य बिक्रिबाट | ५०००० | |
| ४ | न्यायिक दस्तुर | २५००० | |
| ५ | सिफारिस दस्तुर | ४००००० | |
| ६ | व्यक्तिगत घटना दर्ता | २००००० | |
| ७ | नाता प्रमाणित दस्तुर | १५०००० | |
| ८ | प्रशासनिक दण्ड जरिवाना र जफत | १५०००० | |
| ९ | अन्य राजस्व | २००००० | |
| १० | न्यायिक दण्ड जरिवाना र जफत | १५०००० | |
| ११ | बेरुजु | २५०००० | |
| १२ | एम्बुलेन्सबाट | ५००००० | |
| | गिट्टी बालुवाबाट | २००००० | |
| १३ | अन्य प्रशासकिय सेवा | २००००० | |
| | कुल जम्मा रकम | २९७५००० | |

## राजस्व प्रशासन सुधारका प्रयासहरु

१.राजस्व बृद्धिका लागी थप करका दायराहरुको अध्ययन तथा अनुसन्धान गर्नुपर्ने।
२. निर्धारण गरिएका करका दर शुल्क तथा दस्तुर सङ्कलन प्रक्रियालाई कडाईका साथ लागु गर्नु पर्ने।
३. कर संकलनको अवस्था हेरी राजस्व नितिलाई समय सापेक्ष संसोधन गर्नु पर्ने।
४.राजस्व चुहावट नियन्त्रण गर्न अवश्यक निति अवलम्वन गर्ने।
५. राजस्व चुहावट गर्ने व्यक्तिलाई असुलउपर सहित आवश्यक कार्वाही प्रक्रिया अगाडी बढाउने।
६. स्वंयम कर प्रणाली लाई प्रवृद्धन गर्ने निति अक्तियार गर्ने।
७. गाउँपालिकाको राजस्व बृद्धिकालागी नागरिक करदाता,व्यवसायी,बुद्धिजिवी आदी संगको राय सल्लाह निरन्तर लिने।
८.राजस्व संकलन प्रक्रियामा वडा समिति लाई थप उत्तरदायी बनाउने।
९. पालिकाको सार्वजनिक क्षेत्र भित्रका कच्चा पदार्थ ढुङ्गा गिट्टी बालुवा आदीको राजस्व संकलन प्रक्रियालाई थप व्यवस्थित बनाउने।
10.राजस्व चुहावट नियन्त्रण गर्न आगामी आ.व. देखि अनलाईन र अफलाईन सफ्टवयर लागू गर्ने ।

कालि बहादुर शाही
अध्यक्ष

## आ व २०८१।०८२ को लागि संघ प्रदेश र स्थानीय तहको कुल आम्दानी

| क सं | अनुदान र राजश्व | तह | अनुदान तथा राजश्व रकम | कैफियत |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | संघ | 77200000.00 | |
| २ | सशर्त अनुदान | संघ | 112034000.00 | |
| ३ | विषेश अनुदान | संघ | 8000000.00 | |
| ४ | समपुरक अनुदान | संघ | 0.00 | |
| ५ | राजश्व वाडफाँट | संघ | 68600000.00 | |
| ६ | समानीकरण अनुदान | प्रदेश | 6442000.00 | |
| ७ | विषेश अनुदान | प्रदेश | 3500000.00 | |
| ८ | चालु अनुदान सशर्त | प्रदेश | 550000.00 | |
| ९ | पुजिगत अनुदान सशर्त | प्रदेश | 3585000.00 | |
| १० | समपुरक अनुदान | प्रदेश | 5000000.00 | |
| ११ | राजश्व सवारी साधनकर | प्रदेश | 1339000.00 | |
| १२ | आन्तरिक राजश्व | स्थानीय तह | 2025000.00 | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| **जम्मा रकम** | | | **288275000.00** | |

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय बाजुरा
विनियोजन ऐन

जगन्नाथ गाउँपालिका बाजुराको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

सभाबाट स्वीकृत मितिः २०८१।०३।१३

**प्रस्तावनाः** जगन्नाथ गाउँपालिका बाजुरा २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जगन्नाथ गाउँ सभाले यो ऐन बनाएकोछ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "जगन्नाथ गाउँपालिका बाजुराको विनियोजन ऐन रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८१।०८२ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २८,८२,७५,०००। (अक्षेरुपी अठ्ठाइस करोड बयासी लाख पचहत्तर हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।०८२ को निमित्त जगन्नाथ गाउँ कार्यपालिका,बाजुराको गाउँकार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च तर्फ विनियोजित रकम पूजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र



कर्ण ब. शाही
गाउँपालिका अध्यक्ष

वित्तिय व्यवस्था अन्तरगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि –५
जगन्नाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय जुड्डी, बाजुरा

| क्र.सं. | संकेत नं | शीर्षक | अनुमानित विनियोजन बजेट |
|---|---|---|---|
| १ | | आर्थिक विकास | २,३०,५९,०००।० |
| २ | | सामाजिक विकास | ७,८६,५४,२००।० |
| ३ | | पुर्वाधार विकास | ४,४३,५०,०००।० |
| ४ | | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ५२,१४,०००। |
| ५ | | कार्यालय संञ्चालन तथा प्रशासन | १३,६९,९७,८००।० |
| कुल जम्मा | | | २८,८२,७५,०००।० |

अनुसूचि –३
जगन्नाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय जुड्डी, बाजुरा
व्यय अनुमान
आर्थिक बर्ष २०८१।०८२

| शीर्षक | आ व २०८१।०८२ को अनुमान |
|---|---|
| व्यय | २८,८२,७५,०००।० |
| चालु | १७,५३,९८,०००।० |
| पुजिगत | ११,२८,७७,०००।० |

काली ब. शाही
गाउँपालिका अध्यक्ष

## आ व २०८१।०८२ को बजेट शिर्षक गत कार्यक्रम गत र वडागत विनियोजित बजेट

### *आ व २०८१।०८२ को चालु खर्च तर्फ विनियोजित बजेट*

| | खर्च संकेत | शिर्षक र उपशिर्षक गत खर्च | स्रोत अनुदान | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | सघिय राजश्व बाँडफाँट | 8500000.0 | |
| २ | २११११ | पारिश्रमिक कर्मचारी | आन्तरिक श्रोत | 1449000.0 | |
| ३ | २११२१ | पोशाक | सघिय राजश्व बाँडफाँट | 822000.0 | |
| ४ | २११२३ | औषधी उपचार खर्च | सघिय राजश्व बाँडफाँट | 300000.0 | |
| ५ | २११३१ | स्थानीय भता | सघिय राजश्व बाँडफाँट | 400000.0 | |
| ६ | २११३२ | महगी भता | सघिय राजश्व बाँडफाँट | 100000.0 | |
| ७ | २११३४ | कर्मचारी बैठक भता | सघिय राजश्व बाँडफाँट | 400000.0 | |
| ८ | २११३५ | कर्मचारी पोत्साहन तथा पुरस्कार | सघिय राजश्व बाँडफाँट | 200000.0 | |
| ९ | २११३९ | अन्य भता | सघिय राजश्व बाँडफाँट | 250000.0 | |
| १० | २११४१ | पदाधिकारी बैठक भता | सघिय राजश्व बाँडफाँट | 460000.0 | |
| ११ | २११४१ | पदाधिकारी बैठक भता वडा कार्यालय | सघिय राजश्व बाँडफाँट | 840000.0 | |
| १२ | २११४९ | पदाधिकारी अन्य सुविधा | सघिय राजश्व बाँडफाँट | 5706500.0 | |
| १३ | २१२१२ | योगदानमा आधारित बीमा कोष खर्च | सघिय राजश्व बाँडफाँट | 50000.0 | |
| १४ | २२१११ | पानी तथा विजुल्ती | सघिय राजश्व बाँडफाँट | 400000.0 | |
| १५ | २२११२ | संचार महसुल | सघिय राजश्व बाँडफाँट | 1500000.0 | |
| १६ | २२२११ | इन्धन पदाधिकारी | सघिय राजश्व बाँडफाँट | 1000000.0 | |
| १७ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | सघिय राजश्व बाँडफाँट | 1400000.0 | |
| १८ | २२२१३ | सवारी साधान मर्मत खर्च | सघिय राजश्व बाँडफाँट | 1700000.0 | |
| १९ | २२२१४ | बीमा तथा नवीकरण खर्च | सघिय राजश्व बाँडफाँट | 400000.0 | |
| २० | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | सघिय राजश्व बाँडफाँट | 200000.0 | |
| २१ | २२३११ | मसलन्ध तथा कार्यालय सामाग्री | सघिय राजश्व बाँडफाँट | 2480000.0 | |
| २२ | २२३११ | मसलन्ध तथा कार्यालय सामाग्री वडा कार्यालय | सघिय राजश्व बाँडफाँट | 300000.0 | |
| २३ | २२३११ | मसलन्ध तथा कार्यालय सामाग्री वडा कार्यालय | सघिय राजश्व बाँडफाँट | 300000.0 | |
| २४ | २२३११ | मसलन्ध तथा कार्यालय सामाग्री वडा कार्यालय | सघिय राजश्व बाँडफाँट | 300000.0 | |
| २५ | २२३११ | मसलन्ध तथा कार्यालय सामाग्री वडा कार्यालय | सघिय राजश्व बाँडफाँट | 300000.0 | |
| २६ | २२३११ | मसलन्ध तथा कार्यालय सामाग्री वडा कार्यालय | सघिय राजश्व बाँडफाँट | 300000.0 | |
| २७ | २२३११ | मसलन्ध तथा कार्यालय सामाग्री वडा कार्यालय | सघिय राजश्व बाँडफाँट | 300000.0 | |
| २८ | २२३१४ | इन्धन अन्य प्रयोजन | सघिय राजश्व बाँडफाँट | 150000.0 | |
| २९ | २२३१५ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | सघिय राजश्व बाँडफाँट | 1000000.0 | |
| ३० | २२४१३ | करार सेवा शुल्क | सघिय राजश्व बाँडफाँट | 9623700.0 | |
| ३१ | २२४१३ | करार सेवा शुल्क | सघिय राजश्व बाँडफाँट | 8623700.0 | |
| ३२ | २२४१३ | करार सेवा शुल्क | सघिय राजश्व बाँडफाँट | 5949000.0 | |
| ३३ | २२४१३ | करार सेवा शुल्क शिक्षक | सघिय राजश्व बाँडफाँट | 3240000.0 | |
| ३४ | २२५११ | कर्मचारी तालिम खर्च | सघिय राजश्व बाँडफाँट | 300000.0 | |
| ३५ | २२५१२ | सीप विकास तथा जनचेतना गोष्ठी सम्बन्धी खर्च | सघिय राजश्व बाँडफाँट | 1200000.0 | |
| ३६ | २२५२९ | विविध कार्यक्रम खर्च | सघिय राजश्व बाँडफाँट | 650900.0 | |
| ३७ | २२६११ | अनुगमन तथा मूल्यांकंन खर्च | सघिय राजश्व बाँडफाँट | 2000000.0 | |
| ३८ | २२६१२ | भ्रमण खर्च | प्रदेश सवारी साधान | 1339000.0 | |
| ३९ | २२६१३ | भ्रमण खर्च | आन्तरिक श्रोत | 376000.0 | |
| ४० | २२६१३ | भ्रमण खर्च | सघिय राजश्व बाँडफाँट | 399100.0 | |
| ४१ | २२७११ | विविध खर्च | सघिय राजश्व बाँडफाँट | 1600000.0 | |
| ४२ | २२७२१ | सभा संचालन खर्च | सघिय राजश्व बाँडफाँट | 400000.0 | |
| ४३ | २७१११ | सामाजिक सुरक्षा | सघिय राजश्व बाँडफाँट | 500000.0 | |
| ४४ | २७१११ | अन्य सामाजिक सुरक्षा | सघिय राजश्व बाँडफाँट | 400000.0 | |
| ४५ | २७२११ | छात्रवृत्री | सघिय राजश्व बाँडफाँट | 300000.0 | |
| ४६ | २७२१२ | उदार राहत तथा पुनस्थापना | सघिय राजश्व बाँडफाँट | 900000.0 | |
| ४७ | २७२१३ | औषधी खरिद खर्च | सघिय राजश्व बाँडफाँट | 500000.0 | |
| ४८ | २८१४२ | घर भाडा | सघिय राजश्व बाँडफाँट | 100000.0 | |
| ४९ | २२५२२ | व्यवसायिक कृषि अनुदान कार्यक्रम खर्च | सघिय राजश्व बाँडफाँट | 855100.0 | |
| ५० | २८१४३ | सवारी साधान भाडा तथा मेशिनरी औजार | सघिय राजश्व बाँडफाँट | 1200000.0 | |
| | | | | | |
| | | चालु खर्च जम्मा | | 71964000.0 | |

# आ व २०८१।०८२ को बजेट कार्यक्रम क्षेत्रगत तथा वडागत वितरण

| क्र सं | कार्यक्रमको नाम | स्रोत अनुदान | रकम | कैफियत | वडा नं |
|---|---|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर्स | समानीकरण संघ | १००००००.०० | सं समानीकरण | |
| २ | मेशिनरी तथा औजार | समानीकरण संघ | ५०००००.०० | सं समानीकरण | |
| ३ | स्वयम शेवक शिक्षक तलब | समानीकरण संघ | १८३७२०००.०० | सं समानीकरण | |
| ४ | कालगाड काप्री सिचाई वडा नं ६ | समानीकरण संघ | ५००००००.०० | समपुरक प्रदेश | |
| ५ | १२ कक्षा संचालन भएका विद्यालयलाई अनुदान | समानीकरण संघ | १७२९२००.०० | सं समानीकरण | |
| ६ | गाउँपालिका थप अनुदान विद्यालय | समानीकरण संघ | १०८००००.०० | सं समानीकरण | |
| ७ | सहकर्मी समाज साझेदारी कार्यक्रम | समानीकरण संघ | २००००००.०० | सं समानीकरण | |
| ८ | विभिन्न योजनाको डि पि आर | समानीकरण संघ | ४५०००००.०० | सं समानीकरण | |
| ९ | वडा नं १ देखि वडा ६ सम्म सडक मर्मत तथा निर्माण | समानीकरण संघ | ४५०००००.०० | प्र समानीकरण | |
| १० | कृषि कार्यक्रम | समानीकरण संघ | ५०००००.०० | प्र समानीकरण | |
| ११ | भेटेरीनरी तर्फ कार्यक्रम | समानीकरण संघ | ५०००००.०० | प्र समानीकरण | |
| १२ | गाउँपालिका क्षेत्रमा बाजा तथा दउरा संरक्षण कार्यक्रम | समानीकरण संघ | ९४२०००.०० | प्र समानीकरण | |
| १३ | प्रशासकीय भवन निर्माण | समानीकरण संघ | २६००००००.०० | सं समानीकरण | |
| १४ | देवलकोट मा वि सरस्वती मा वि र कैलाश मा वि फर्निचर खरिद | समानीकरण संघ | १२०००००.०० | सं समानीकरण | |
| १५ | सामुदायिक स्वास्थ्य चौकी डाँडागाउँ फिल्ड निर्माण वडा नं ४ | समानीकरण संघ | ६०००००.०० | सं समानीकरण | वडा नं ४ |
| १६ | जुड्डी खोला साना जलविधुत सहकारीलाई अनुदान | समानीकरण संघ | ६०००००.०० | सं समानीकरण | वडा नं ४ |
| १७ | वालकल्याण आ वि र मालिका आ वि को मर्च जग्गा खरिद | समानीकरण संघ | ६०००००.०० | सं समानीकरण | वडा नं ४ |
| १८ | कोट देखि राउतका धारासम्म बाटो निर्माण | समानीकरण संघ | १०००००.०० | सं समानीकरण | वडा नं ४ |
| १९ | महादेव आधारभुत विद्यालय घेरवार | समानीकरण संघ | ३५००००.०० | सं समानीकरण | वडा नं ३ |
| २० | वाल सुधार आ वि खानेपानी र भवन मर्मत | समानीकरण संघ | १०००००.०० | सं समानीकरण | वडा नं ३ |
| २१ | विधुत लाईन विस्तार मन्कोट मनिकाँडा | समानीकरण संघ | १०००००.०० | सं समानीकरण | वडा नं ३ |
| २२ | वडा नं ३ को वडा कार्यालय फिल्ड तथा प्रखाल निर्माण | समानीकरण संघ | ४०००००.०० | सं समानीकरण | वडा नं ३ |
| २३ | जुड्डी खोला साना जलविधुत सहकारीलाई अनुदान | समानीकरण संघ | ६०००००.०० | सं समानीकरण | वडा नं ३ |
| २४ | मनिकाँडा खानेपानी मर्मत | समानीकरण संघ | ३०००००.०० | सं समानीकरण | वडा नं ३ |
| २५ | जुड्डी कालिका मन्दिर थप निर्माण | समानीकरण संघ | ५००००.०० | सं समानीकरण | वडा नं ३ |
| २६ | गर्जेगाड पाल्तेवाडी खानेपानी निर्माण | समानीकरण संघ | ८५००००.०० | सं समानीकरण | वडा नं ६ |
| २७ | शम्भुनाथ र खिरारुख स्कुल मर्च जग्गा खरिद | समानीकरण संघ | ५०००००.०० | सं समानीकरण | वडा नं ६ |
| २८ | तल्लो काप्री युवा खेलकुद मैदान निर्माण | समानीकरण संघ | १५००००.०० | सं समानीकरण | वडा नं ६ |
| २९ | कोटगोत्री खेलकुद मैदान निर्माण | समानीकरण संघ | १०००००.०० | सं समानीकरण | वडा नं ६ |
| ३० | वडा नं ६ को वर्थिंग सेन्टरमा खानेपानी मर्मत | समानीकरण संघ | २०००००.०० | सं समानीकरण | वडा नं ६ |
| ३१ | दुधेशिल्ला आ विको लागि कारपेट खरिदको लागि | समानीकरण संघ | १०००००.०० | सं समानीकरण | वडा नं ५ |
| ३२ | श्री देवलकोट मा वि को घेरवार | समानीकरण संघ | ३०००००.०० | सं समानीकरण | वडा नं ५ |
| ३३ | तल्लो दर्जी टोल गोरेटो बाटो निर्माण | समानीकरण संघ | ५००००.०० | सं समानीकरण | वडा नं ५ |
| ३४ | जेराले खानेपानी र मुहान निर्माण | समानीकरण संघ | ३०००००.०० | सं समानीकरण | वडा नं ५ |
| ३५ | माथिल्लो दर्जि टोल खा पा मर्मत | समानीकरण संघ | १०००००.०० | सं समानीकरण | वडा नं ५ |
| ३६ | माथिल्लो गोत्री बाटो निर्माण | समानीकरण संघ | २५००००.०० | सं समानीकरण | वडा नं ५ |
| ३७ | विहारडाँडा देखि दुधेशिल्ला आ वि सम्म पि सि सि बाटो मर्मत | समानीकरण संघ | ३०००००.०० | सं समानीकरण | वडा नं ५ |
| ३८ | दैत्य ढुंगा देखि दारखा सम्म सिचाई कुलो मर्मत | समानीकरण संघ | ३०००००.०० | सं समानीकरण | वडा नं ५ |
| ३९ | खोदाई माड् फिल्ड मर्मत तथा मन्दिर मर्मत | समानीकरण संघ | १०००००.०० | सं समानीकरण | वडा नं ५ |
| ४० | गाउँपालिकाको जग्गा खरिद | समानीकरण संघ | १००००००.०० | सं समानीकरण | गा पा |
| ४१ | न्यायिक समिति खर्च | समानीकरण संघ | ५०००००.०० | सं समानीकरण | गा पा |
| ४२ | न्यायिक समिति कर्मचारी खर्च | समानीकरण संघ | ६०००००.०० | सं समानीकरण | गा पा |
| ४३ | पाईप खरिद गा पा | समानीकरण संघ | १००००००.०० | सं समानीकरण | गा पा |
| ४४ | रिखोला सिचाई कुलो पिलुचौर | समानीकरण संघ | ५०००००.०० | सं समानीकरण | गा पा |
| ४५ | जाडेढुगां मन्दिर निर्माण वडा नं ५ | समानीकरण संघ | ४०००००.०० | सं समानीकरण | गा पा |
| ४६ | वालविकास आधारभुत विद्यालयको घेरवार निर्माण | समानीकरण संघ | १५००००.०० | सं समानीकरण | वडा नं २ |
| ४७ | टोकारे देखि ठुलाचौर खानेपानी निर्माण योजना लुमा | समानीकरण संघ | ३५००००.०० | सं समानीकरण | वडा नं २ |
| ४८ | गाडघट्ट देखि विरुवा खानेपानी योजना | समानीकरण संघ | ३०००००.०० | सं समानीकरण | वडा नं २ |
| ४९ | बस्केना खानेपानी मुहान मर्मत | समानीकरण संघ | १५००००.०० | सं समानीकरण | वडा नं २ |
| ५० | आसवाडा खानेपानी मर्मत | समानीकरण संघ | १५००००.०० | सं समानीकरण | वडा नं २ |
| ५१ | विरुवा आ वि को मन्च निर्माण | समानीकरण संघ | ४०००००.०० | सं समानीकरण | वडा नं २ |
| ५२ | तल्लोहनी कुलो मर्मत | समानीकरण संघ | ३०००००.०० | सं समानीकरण | वडा नं २ |
| ५३ | ढँडाकोट सिचाई कुलो निर्माण | समानीकरण संघ | १००००००.०० | सं समानीकरण | वडा नं १ |
| ५४ | भवानी आ वि को खानेपानी ट्याकी निर्माण | समानीकरण संघ | २०००००.०० | सं समानीकरण | वडा नं १ |
| ५५ | कालाजुर विधुतको अधुरो काम वापत | समानीकरण संघ | ९००००.०० | सं समानीकरण | वडा नं १ |
| ५६ | सामुदायिक मिल मर्मत | समानीकरण संघ | १५००००.०० | सं समानीकरण | वडा नं १ |
| ५७ | दागातडी मन्दिर निर्माण | समानीकरण संघ | १०००००.०० | सं समानीकरण | वडा नं १ |
| ५८ | सुनारपानी मन्दिर निर्माण | समानीकरण संघ | १०००००.०० | सं समानीकरण | वडा नं १ |
| ५९ | वडा कार्यालय देखि डिम्मर गाँउसम्म बाटो निर्माण | समानीकरण संघ | १६००००.०० | सं समानीकरण | वडा नं १ |
| ६० | खालीकाडाँ खानेपानी | समानीकरण संघ | ५०००००.०० | सं समानीकरण | वडा नं २ |
| ६१ | गाउँपालिका भरीका मेला पर्व व्यवस्थापन खर्च | समानीकरण संघ | ३१८८००.०० | सं समानीकरण | वडा नं ३ |
| | | | | | |
| | | | | | |
| | जम्मा रकम | | 83642000.0 | | |

कालि बहादुर शाही
अध्यक्ष